जिल्ला प्रहरी कार्यालय मकवानपुरको चाडपर्व लक्षित सुरक्षा योजना-२०८०

१. पृष्ठभूमि:-

नेपालमा रहेका विभिन्न जात जातीहरुले विजया दशमी, शुभ दिपावली तथा छठ पर्व हर्षोल्लासका साथ मनाउने गर्दछन । भित्री मधेश अन्तरगत पर्ने मकवानपुर जिल्लामा अन्य समुदायले समेत आंशिक रुपमा छठ पर्व मनाउने गर्छन । यो जिल्ला बागमती प्रदेशको राजधानी रहेको हुँदा प्रदेश स्तरीय मन्त्रालय, कार्यालय, निवास र VVIP /VIP हरुको Movement समेतको सुरक्षा व्यवस्था मिलाउनु पर्ने, पूर्व पश्चिम महेन्द्र राजमार्ग, कान्ति लोकपथ लगायत राजधानी सँग ५ वटा भन्दा बढी लोकमार्गहरु जोडिएको र प्रदेश राजधानी भएसंगै विशिष्ट व्यक्ति तथा अन्य सेवाग्राहीहरुको समेत चाप हुने, चाडपर्वमा आवतजावत गर्ने यात्रु तथा सवारी साधनहरुको सुरक्षा व्यबस्थापन, उद्योग कलकारखाना, आर्थिक कारोवार हुने स्थानहरु, सुनचाँदी व्यवसाय, बैंक तथा वित्तिय संस्था समेतमा आवश्यक सुरक्षा व्यवस्थापन मिलाउनु पर्ने हुन्छ । तसर्थ नजिकिदै आई रहेको महान चाड विजया दशमी, शुभ दिपावली र छठपर्वहरुको समयमा हुन सक्ने अपराधिक घटना, राजमार्गमा हुनसक्ने लुटपाट, चोरी, डकैती, गुण्डागर्दी, सवारी दुर्घटना, झै-झगडा लगायतलाई मध्य नजर राखी कुनै पनि किसिमका घटना हुन गर्न नदिन भरपर्दो शान्ति सुरक्षा एवं अमन चयन कायम राख्न निम्नानुसारको सुरक्षा योजना तयार गरी सोही अनुसार प्रहरी परिचालन गरिने छ ।

२. <u>लक्ष्य:-</u>

क) सम्पूर्ण क्षेत्रमा सुरक्षित वातावरणको प्रत्याभूति गराई हर्षोल्लासका साथ चाडपर्व मनाउनुको साथै यात्रुहरुलाई एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्न सहज वातावरणको सिर्जना गर्ने तथा शान्ति सुरक्षालाई मध्यनजर गरी प्रहरीले संयमित भएर नागरिकको विश्वास जिती कार्य गर्ने ।

ख) विगतका वर्षहरुमा चाडपर्वमा घटेका घटनाहरुको विश्लेषण गरी (ठगी, जुवातास, झै-झगडा, लुटपाट,चोरी, डकैती, गुण्डागर्दी, सवारी दुर्घटना) लाई नियन्त्रण तथा निरुत्साहित पार्न सादा पोशाकमा प्रहरी परिचालन गरी खबर संकलन गर्ने ।

३. <u>उदेश्य:-</u>

- यात्रुबाहक सवारी साधनहरुले बढी भाडा असुल्ने सम्भावना रहने हुनाले सो कार्यलाई निरुत्साहित गर्न सादा पोशाकमा प्रहरी परिचालन गरि प्रभावकारी रुपमा खवर संकलन गर्ने र यस किसिमका कार्यहरुलाई कानूनी दायरामा ल्याउने,
- नागरिक सहायता कक्ष / यात्रु सहायता कक्ष / रिफ्रेसमेन्ट सेन्टरको स्थापना गरि यात्रुबाहक सवारी साधनहरुले यात्रु संग गर्ने व्यवहार, सिट क्षमताको कार्यान्वयन, आरक्षण सिटको कार्यान्वयन, चालक परिवर्तन, भाडा असुली, सवारीको सामान्य मेकानिकल अवस्था लगातयको अनुगमन गरि आवश्यकता अनुसार नागरिकहरुलाई सहजिकरण गर्नुका साथै सवारी दुर्घट्ना न्युनिकरणमा जोड दिने,
- सवारी साधन, धार्मिक स्थलहरु, सार्वजनिक स्थलहरु लगायतमा हुन सक्ने चोरी, लुटपाट, भेदभावजन्य व्यवहार, महिला हिंसा, झै-झगडा लगायतका घट्नाहरुको निगरानी गरि कानूनी दायरामा ल्याउने,
- लोकमार्गमा नियमित दिवा तथा रात्री गस्ती /पट्रोलिङ, पैदल गस्ती समेत बढाई यात्रीहरुको गन्तव्य स्थान सम्म आवतजावतको लागी सहज तथा भयरहित वातावरण निर्माण गर्ने,
- चाड पर्वको समयाम हुन सक्ने चन्दा असुली, कृतिम अभाव, कालो बजारी लगायतको अनुगमन गरि दैनिक उपभोग्य सामानहरुको सर्वसुलभता गराउने सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायहरु संग अवश्यक समन्वय गर्ने,
- बन्द रहने सरकारी कार्यालयहरु, VVIP/VIP हरुको भ्रमण, निवास, आर्थिक गतिविधी हुने स्थान तथा कार्यालयहरु आदीको सुरक्षा व्यवस्था मिलाउने,
- लागु औषध तस्करी, निषेधित पदार्थ ओसारपसार, दुर्व्यसनी लगायत अन्य क्रियाकलापहरुको नियन्त्रण गर्न ।

४. रणनीतिक कार्य:-

- प्र.जि.अ.को अध्यक्षतामा स्थानिय सरोकारावाला निकाय, राजनैतिक दल, पत्रकार, वुद्धिजिवी, समाजसेवी लगायतका व्यक्तिहरुसंग समन्वय गरी जिल्लाको भरपर्दो शान्ति सुरक्षा व्यवस्था मिलाउन जिल्ला सुरक्षा समितिको वैठकबाट छलफल गरी निर्णय गराउने,
- यात्रुहरुलाई ठगिन तथा विभिन्न किसिमका हैरानी खेप्न नदिन हेटौडा उपमहानगरपालिका एरियाको बसपार्क, राम मन्दिर (पिपल बोट) र रातमाटे चेकपोष्टमा ट्राफिक प्रहरी सहितको नागरिक सहायता कक्ष र थानाभर्याङमा ट्राफिक सहितको नागरिक सहायता कक्ष / रिफ्रेसमेन्ट सेन्टरको स्थापना गरी यात्रुहरुलाई आवश्यक सहजिकरण गर्ने,
- चाडपर्वको समयमा हुन सक्ने ठगी, जुवातास, झै-झगडा, लुटपाट, चोरी, डकैती, गुण्डागर्दीलाई नियन्त्रण तथा निरुत्साहित पार्न ईलाका प्रहरी कार्यालयहरु समेतबाट सादा पोशाकमा प्रहरी परिचालन गरी खवर संकलनको व्यवस्था मिलाउने,
- लोकमार्गमा हुन सक्ने दुर्घटना, चक्काजाम, बन्दलाई मध्य नजर गर्दै सदैब सुचारु रुपमा सवारी संचालन गर्न जिल्ला प्रहरी कार्यालयमा जु.प्र.अ.को कमाण्डमा २४ सैं घण्टा स्टेण्डवाई रहने गरी Q.R.T. टोली राखिने,
- यस जिल्लाको प्रवेश नाका तथा मुख्य-मुख्य चेक प्वाईन्टहरुमा कडाईका साथ ट्राफिक सहितको चेकजाँचको व्यवस्था मिलाउने,
- सरोकारवाला निकायहरुसंग समन्वय गरी बजार अनुगमन गर्ने र कृतिम अभाव, नाफाखोरी र कालोबजारी तथा गुणस्तरहिन बस्तुहरुको बिक्री बितरण गर्ने उपर कारवाही गर्न आवश्यक समन्वय गर्ने,
- मठ मंन्दिर लगायत अन्य धार्मिक स्थलहरुमा सहज वातावरणमा पूजाआजा गर्न गराउन मठ मन्दिर व्यवस्थापन समितिसँग समन्वय गरी महिला प्रहरी समेत परिचालन गरी शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने,
- सामुदायिक प्रहरी सेवा केन्द्रले स्थानिय टोल बिकास समितिहरु संग समन्वय गरी चाडपर्वमा हुने अपराध न्युनिकरणको लागि जनचेतनामुलक जिंगल धुन, माईकिङ गर्ने तथा पर्चा पम्प्लेट वितरण गर्ने जस्ता कार्यक्रमहरु गर्ने,
- चाडपर्वमा हुन सक्ने अपराधिक गतिविधि रोक्न तालुक बागमती प्रदेश प्रहरी कार्यालय हेटौडासँग समन्वय गरी प्रशिक्षित कुकुर समेतको संयुक्त टोलीद्धारा विभिन्न स्थानहरुमा चेकिङको व्यवस्था मिलाउने,
- सरकारी तथा गैरसरकारी कार्यालयहरुमा समेत निगरानी गरी आवश्यक सुरक्षाको ब्यवस्था मिलाउने,
- वडा एरियाहरुमा Pro-active Policing लाई निरन्तरता दिने,
- बैंक, वित्तिय संस्था, सुनचाँदी पसल, बजार हाट एरियामा सादा पोशाकमा प्रहरी परिचालन गर्ने,
- स्थानिय प्रहरी युनिटहरुले आफ्नो वडा एरियामा गैर कानुनी कृयाकलापहरु हुन गर्न नदिन स्थानिय तह, सरोकारवला निकायहरु संग आवश्यक समन्वय गर्ने ।

५. सुरक्षा योजनाबाट अपेक्षित उपलव्धिहरु:-

- चाडपर्व भयरहित ढंगबाट मनाउने वातावरण सिर्जना हुने,
- सवारी दुर्घटनामा न्यूनिकरण भई जनधनको क्षतीमा कमी आउने,
- अपराधिक मनोवृत्तीका मानिसहरुको मनोबल गिर्न गई अपराधिक घटनामा ह्रास आउने,
- चाडपर्वको समयमा ठगी, लुटपाट, चोरी, डकैती, गुण्डागर्दी तथा झै-झगडा जस्ता क्रियाकलापमा कमी आउने,
- गुणस्तरहिन दैनिक उपभोग्य सामानहरुको बेचबिखन एवं कालो बजारी जस्ता कार्यमा नियन्त्रण हुने,

- लोक मार्गमा चल्ने सवारी साधनहरुमा हुने चोरी, डकैती, लुटपाट एवं ठगी जस्ता कार्यमा कमी आउने,
- मठ मन्दिर तथा धार्मिक स्थलहरुमा सहज रुपमा पुजा आजा गर्ने वातावरण श्रृजना हुने,
- चाडपर्वको समयमा जुवातास तथा मादक पदार्थ सेवन गरी हुने झै-झगडा जस्ता कार्यमा कमी आउने,
- आर्थिक कारोवार हुने स्थानहरु सुरक्षित रहने,
- यात्रुहरुलाई कुनै हैरानी बिना गन्तव्यमा पुग्न सहजता हुने तथा नागरिकहरुमा प्रहरी प्रतिको विश्वासमा अभिवृद्धि हुने,
- बिभिन्न सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख, बिभिन्न राजनैतिक दलका पदाधिकारी, प्रतिनिधि तथा आम नागरिकहरु सँगको सम्बन्ध अझ सुमधुर हुने।

निम्न :

सि.नं.	विवरण	खटिने एरिया	कमाण्डर	खटिने संख्या	खटिने कार्यालय	कैफियत
१	कमाण्ड पोष्ट	जिल्ला भरी	प्रहरी उपरीक्षक	१० जना	जिप्रका मकवानपुर	
२	रिजर्व	जिल्ला भरी	प्रहरी नायव उपरीक्षक	२० जना	जिप्रका मकवानपुर	
३	विशेष टोली / स्ट्राईकिङ	जिल्ला भरी	प्रहरी निरीक्षक	१५ जना	जिप्रका मकवानपुर	बन्द, हड्ताल, सवारी दुर्घट्ना लगातय आपतकालिन अवस्थामा परिचालन हुने
४	QRT	जिल्ला भरी	जु.प्र.अ.	६४ जना	जिप्रका / वप्रका / ईप्रका	३२ स्थानमा
५	सिमा नाका चेक जाँच	-	जु.प्र.अ.	२८ जना	प्र.चौ. रातमाटे / सुनाचुरी / फाखेल / सिस्नेरी ई.प्र.का. ठिंगन / चिल्लाङ / पालुङ	ला. औ., पटाका, अवैध ओसार पसार नियन्त्रण
६	अस्पताल रेस्क्यु टिम	-	प्र.ह. / प्र.ज.	४ जना	जि.प्र.का. मकवानपुर	चुरेहिल, हेटौडा, सञ्चो, मकवानपुर सहकारी
७	ट्राफिक सहितको चेक पईन्ट	-	जु.प्र.अ.	५७ जना	-	१२ स्थानमा
८	मोवाईल गस्ती (सिफ्ट अनुसार)	-	जु.प्र.अ.	१२० जना	-	१० स्थानमा एक सिफ्टमा ६ जनाका दरले
९	साईकल / पैदल गस्ती	-	प्र.ब.ह. – प्र.ज.	१३४ जना	-	६७ स्थान
१०	पिकेट			११३ जना		३२ स्थानमा
११	राजमार्ग सवारी गस्ती			८ जना		ई.प्र.का. पशुपतीनगरले ३ नं. पुल देखि वसपार्क सम्म, जि.प्र.का. कमवानपुरले बसपार्क देखी मनहरी सम्म, ई.प्र.का. मनहरीले मनहरी देखी लोथर सम्म र

						ई.प्र.का. भीमफेदीले भैसे देखि फाखेल सम्म
१२	राजमार्ग केन्द्रित रात्रीकालीन बेस			३० जना		५ स्थानमा (मनहरी, नेवारपानी, पशुपतीनगर, सानोपोखरा, जि.ट्रा.प्र.का.
१३	नागरिक सहायता कक्ष / रिफ्रेसमेन्ट सेन्टर	-		१६ जना	-	४ स्थानमा (थानाभञ्याङ, बसपार्क, रातोमाटे र पिपलबोट)
१४	लामो दुरीको सवारी साधन चेक जाँच			१२ जना		४ स्थानमा (सुनाचुरी, रातोमाटे, फाखेलको कार्यालय अगाडी र चौकीटोलको तिरतिरेधारा)
१५	सरकारी कार्यालय / विशिष्ट व्यक्ति सुरक्षा			५० जना		
१६	प्रहरी कार्यालय सुरक्षा			१०२ जना		६७ वटा प्रहरी कार्यालयहरु
१७	धार्मीक तथा पर्यटन सुरक्षा			१० जना		
१८	बजार अनुगमन			१० जना		
१९	सादा पोसाक			१४ जना		
जम्मा				**८१७ जना**		

जम्मा जनशक्ति परिचालन: ८१७ जना प्रहरी कर्मचारी परिचालन गरिने छ ।

मिति: २०८०।०६।२१ गते